म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ४८३ २०८१ भदौ २० गते बिहीबार 5 September 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

**जेसीआई हेटौंडाको अर्धवार्षिक साधारणसभासम्बन्धी सूचना**

जेसीआई हेटौंडा वर्ष २०२४ को अर्धवार्षिक साधारणसभा तपसील बमोजिम आयोजना गरिएको हुँदा सम्पूर्ण सदस्य ज्यूहरुलाई सहभागिताका लागि विनम्र अनुरोध गरिन्छ ।

**तपसील**
मिति: २०८१ भदौ २२ गते शनिबार
समय: बिहान ८:०० बजे
स्थान: जेसीआई हेटौंडाको सचिवालय, हेटौंडा-९, कर्रा

JCI
**जेसीआई सिनेटर**
**विकेश लाल श्रेष्ठ**
**अध्यक्ष-२०२४**

# मकवानपुरमा महावीर पुनको आधा करोडको पुस्तक विक्री



*हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा र उपप्रमुख राजेश बानियाँसहित कर्मचारीहरु महावीर पुनको किताब खरिद गर्नुहुँदै ।*

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक वैज्ञानिक महावीर पुनले मकवानपुरमा आधा करोड रुपैयाँभन्दा बढी रकमको पुस्तक बिक्री गर्नुभएको छ। पुनले गएको साउन ३१ गतेदेखि भदौ १३ गतेसम्म दुई साताको अवधिमा मकवानपुरमा आधा करोडभन्दा बढीको पुस्तक बिक्री गर्नुभएको हो।

वैज्ञानिक पुनले ३० वर्षदेखि बन्द रहेको वीरगञ्ज कृषि औजार कारखानालाई सञ्चालनमा ल्याउन आफ्नो जीवनी पुस्तक 'महावीर पुन' आफैं बिक्री गरिहनुभएको छ । पुस्तक बिक्री गर्ने आफ्नो अभियानको दुई सय दिनपछि महावीर पुन मकवानपुरमा आइपुग्नुभएको थियो । उहाँले मकवानपुरमा ७ हजार थान पुस्तक बिक्री गर्नुभएको छ। उहाँले मकवानपुरका स्थानीय तहहरु, प्रदेशका मन्त्रालयहरु, विद्यालय, कलेज, संघसंस्था र चोकचोकमा गरी ७ हजार थान पुस्तक बिक्री गर्न सफल हुनुभएको हो। पुस्तकको मूल्य विद्यार्थीका लागि ७ सय र अन्यका लागि ७ सय ५० रुपैयाँ तोकिएको थियो ।

वैज्ञानिक पुनलाई पुस्तक बिक्री गर्ने अभियानमा मकवानपुरले राम्रो साथ दिएको छ। महावीर पुन पुस्तक बिक्री गर्न चोकमा पुग्दा पुस्तक किन्नेहरुको घुँइचो नै लाग्ने गर्थ्यो । मकवानपुरमा हिमालयन राइडर्स सोसाइटी मकवानपुरका उपाध्यक्ष राजु थापा मगरले महावीर पुनलाई मकवानपुरका जनताले पुस्तक बिक्री अभियानमा राम्रो साथ दिएको बताउनुभयो। आफूहरुले पनि स्वेच्छाले मकवानपुरमा पहिलो दिनदेखि अन्तिम दिनसम्म महावीर पुनलाई पुस्तक बिक्रीमा सहयोग गरेको जानकारी दिनुहुँदै मगरले सबैको माया पाएको बताउनुभयो ।

विद्यालय, कलेज र संघसंस्थाहरु आफैंले बोलाएर पुस्तक किन्ने काम गरेको उहाँले बताउनुभयो। त्यसले गर्दा पुस्तक कहाँकहाँ बेच्ने भनेर भौंतारिएर हिँड्न नपरेको उहाँको भनाइ छ। कार्यक्रम तय भएको र बोलाएको ठाउँमा पुगेरमात्र पुस्तक बिक्री गरेको उहाँले बताउनुभयो। सरकारले चलाउन नसकेर बन्द रहेको देशकै गौरवको उद्योग चलाउन आफैं माइक बोकेर आफैं पुस्तक बेच्ने अभियानमा हिँडनुभएका पुनलाई सहयोग गर्न पाएको भन्दै उहाँले खुशी पनि व्यक्त गर्नुभयो । पुस्तक बेच्ने अभियानअन्तर्गत मकवानपुरमा सामाजिक क्षेत्रमा काम गर्ने दिनेश वाइबा र रमित ठकुरीले पुनलाई सहयोग गर्नुभएको थियो । उहाँहरुले पुनको मकवानपुर बसाईभरी सहजीकरण गर्दै पुस्तक बेच्न सहयोग गर्नुभएको हो ।

वैज्ञानिक महावीर पुन पुस्तक बेच्ने अभियानमा निस्केको २ सय १५ दिन पूरा भएको छ । मकवानपुरमा पुस्तक बेचेर महावीर पुन बारामा पुग्नुभएको छ । हालसम्म १ लाख ३० हजारभन्दा बढी पुस्तक बिक्री गर्न सफल भएको जनाइएको छ । उहाँले पुस्तक बेचर हालसम्म ९ करोड रुपैयाँभन्दा बढी रकम संकलन गर्नुभएको छ ।

# आज तीजको दरखाने दिन

समाज संवाददाता

हेटौंडाः हिन्दु नेपाली महिलाले मनाउने चाड तीज अन्तर्गत आज बिहिबार दरखाने दिन । विभिन्न मीठा परिकारका साथ दर खाइँदैछ। दुःख भुलाउन भोलिपल्ट बस्ने हरितालिका तीजको अवसरमा महिला दिदी बहिनीलाई दर खुवाउने गरिन्छ । दर खाने दिनदेखि हरितालिका तीज सुरु हुन्छ । टाढाका चेलीबेटी यस दिन माइतीघर वा आफन्तकहाँ खिर, गुँद, हलुवा, ढकनी, घिउ, दही, दूध, मिठाइ, फलफूललगायतका मिठा परिकारलाई दरको रुपमा खाने गर्दछन् ।

दर खाएको भोलिपल्ट निराहार ब्रत बस्ने भएकाले त्यसको आडका लागि अघिल्लो साँझ पौष्टिक भएको खानेकुरा खाने चलन रहेको छ। हरितालिका तीजका बेला पानीसमेत नखाई ब्रत बस्ने र धेरै नाचगान गरिने हुनाले शक्ति आवश्यक हुन्छ। दरखाने समय र स्थान भने ठाउँ अनुसार फरक फरक रहेको छ । कतै साँझमा अन्य चीज नखाई दर खाने प्रचलन छ भने कतिपय स्थानमा पहिला खाना खाएर मध्य रातमा दर खाने गरिन्छ । पहिलेका दिनमा हरितालिका दिनको एक दिनमात्र दरखाने परम्परा रहेको थियो भने आजभोलि एक महिना अघिदेखि नै दर खाने प्रचलन सुरु भएको छ । परपूर्वक कालमा देवी पार्वतीले शिवलाई स्वामी पाउँ भनी निराहार ब्रत बसेको र सोही उनको कामना पूरा भएको विश्वासका आधारमा राम्रो पति पाउन र विवाहितहरुले पतिको सुस्वास्थ्य, दीर्घायु र प्रगतिको कामना गर्दै ब्रत बस्ने चलन रहेको छ ।

**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज**
**सुनौं र सुनाऔं**
रेडियो निकास ९३.४
The Voice of Community

# मकवानपुरकी गोपाली यु-२० साउथ एसियन एथ्लेटिक्समा सहभागी हुँदै



समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिकाकी दीना गोपाली यु-२० साउथ एसियन च्याम्पियनसीप दौड प्रतियोगितामा सहभागी हुने भएकी छन् । आउँदो सेप्टेम्बर १० देखि छिमेकी मुलुक भारतमा हुन लागेको साउन एसियन च्याम्पियनसीपको १०० मिटर दौड प्रतियोगितामा गोपाली सहभागी हुने भएकी हुन् ।

भदौ ८ गते काठमाडौं महानगर पालिकाको दशरथ रंगशालामा भएको छनोट प्रतियोगितमा १ सय मिटरको दौडमा प्रथम हुँदै मकवानपुरकी गोपाली अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि छनोट भएकी हुन् । देशभरबाट सहभागी भएका १ सय जना प्रतिस्पर्धी खेलाडीहरुलाई पछि पार्दै गोपालीले छनोटमा स्वर्ण जितेकी हुन् ।

छनोट प्रतियोगितामा मकवानपुरबाट ३ जना खेलाडीहरु सहभागी भएकोमा गोपाली एसियन एथ्लेटिक्समा सहभागी हुन छानिएकी हुन् । विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्डको राष्ट्रिय प्रतियोगितामा दीनाको उत्कृष्ट प्रदर्शन रहँदै आएको छ । गोपाली पहिलो पटक अन्तर्राष्ट्रिय प्रतियोगितामा छनोट भएकोमा मकवानपुरका खेल पदाधिकारी, खेलाडी र खेलकुदप्रेमीले खुसी व्यक्त गर्दै उनलाई शुभकामना दिएका छन् ।






# सम्पादकीय

## भागबण्डाले नियुक्तिमा सकस

दलीय भागबण्डा नमिल्दा बागमती प्रदेशका ४ संरचना लामो समयदेखि नेतृत्वविहीन बनिरहेको छ । प्रदेश सरकारले समयमै नियुक्ति गर्न नसक्दा प्रदेशका महत्वपूर्ण निकायको कार्यकारी नेतृत्व रिक्त रहेको हो । प्रदेश लोकसेवा आयोग, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश खेलकुद विकास परिषद् र प्रदेश दुग्ध विकास बोर्डको कार्यकारी प्रमुख पद रिक्त रहेको छ । प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षसहित सदस्य पद पनि रिक्त छ । प्रदेश लोकसेवा आयोगको अध्यक्ष पद रिक्त भएको ७ महिना पुग्न लागेको छ । प्रदेश दुग्ध विकास बोर्ड नेतृत्वविहीन भएको ५ महिना पुग्न लागेको छ । करिब दुई महिनादेखि प्रदेश खेलकुद विकास परिषद् र एक महिनादेखि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान नेतृत्वविहीन बनेका हुन् ।

नेपालमा हरेक क्षेत्रमा हुने गरेको राजनीतिक भागबण्डा ठूलो समस्या बनिरहेको छ । उपभोक्ता समितिदेखि संसदीय समितिसम्म, टोल विकास संस्थादेखि सार्वजनिक संस्थानसम्म र विद्यालय व्यवस्थापन समितिदेखि विश्वविद्यालयसम्म राजनीतिक भागबण्डाबाट नियुक्ति हुने गरेको छ । यतिमात्र होइन, न्यायालयदेखि संवैधानिक आयोगमा पनि भागबण्डाबाटै नियुक्ति हुने गरेको छ । यसरी राजनीतिक दलहरुबीच भागबण्डा लगाएर राम्रो नभई हाम्रोलाई नियुक्ति गर्ने परिपाटीले सबैजसो क्षेत्रलाई ग्रस्त बनाइरहेको छ । व्यक्तिको कार्यक्षमता र आफ्नो कार्यक्षेत्रमा गरेको विशिष्ट योगदानका आधारमा पारदर्शीरुपमा नियुक्ति नगरेर दलीय भागबण्डाका आधारमा नियुक्ति गर्ने प्रवृत्तिले लोकतन्त्रका आधारभूत चरित्रसमेत कमजोर बनिरहेको छ । राजनीतिक नियुक्ति हुने पदमा मात्र नभई खुला प्रतिस्पर्धाबाट नियुक्त गरिनुपर्ने पदमा समेत विधि, प्रक्रिया लत्याएर राजनीतिक दल र नेताले आफ्ना मान्छेलाई नियुक्ति गर्ने क्रम बढ्दै गएको छ ।

बागमती प्रदेश सरकारले आफू मातहतका महत्वपूर्ण निकायमा कार्यकारी प्रमुखदेखि अन्य पदमा नियुक्ति गर्न नसक्नुमा पनि सत्ता गठबन्धन र प्रमुख प्रतिपक्षी दलहरुबीच भागबण्डा नै मुख्य कारण हो । हजारौं कर्मचारीको व्यवस्थापन गर्नुपर्ने लोकसेवा आयोगको अध्यक्ष पद गत फागुनदेखि रिक्त हुँदा आयोगको काममा बाधा पुग्नेमात्र नभई सरकारकै क्रियाकलापमा असर पुग्छ । मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेशसभाका सभामुख र विपक्षी दलको नेता सदस्य रहेको सिफारिस समितिले आयोगको अध्यक्ष र सदस्य नियुक्तिको निर्णय गर्नुपर्ने भएकै कारण कुन दलको व्यक्ति नियुक्त गर्ने भन्नेमा अड्किएको हुनसक्छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकूलपतिसहित रजिष्ट्रार र संयोजकको नियुक्ति पनि हुन सकेको छैन । विशेषगरी सत्ता गठबन्धनका दुई दलबिच सहमति जुट्न नसक्दा सो पदहरुमा नियुक्ति कार्य अघि बढ्न नसकेको हो । यस्तै, ५ महिनादेखि रिक्त प्रदेश दुग्ध विकास बोर्डको उपाध्यक्ष पदमा सरकारले नियुक्तिको तयारी नै गरेको छैन । करिब २ महिना अघिबाट रिक्त रहेको प्रदेश खेलकुद विकास परिषद्को सदस्यसचिव पदमा नियुक्तिको विषय त झनै गोलमाल बनिरहेको छ । प्रदेश सरकारले समयमै ऐन संशोधन गर्न नसक्दा कसले नियुक्ति गर्ने भन्ने अन्यौलता देखिएको हो । ऐनअनुसार परिषद्को अध्यक्ष रहेको सामाजिक विकासमन्त्रीले नियुक्ति गर्ने कि सैद्धान्तिक र व्यवहारिकरुपमा युवा तथा खेलकुदमन्त्रीले नियुक्ति गर्ने भन्ने विषयमा परिषद्को सदस्यसचिव नियुक्ति अन्यौलमा परेको हो ।

मुलुक र जनताको हितका लागि भए पनि हरेक तहको सरकारले राजनीतिक नियुक्ति गर्ने कानुनी व्यवस्था अन्त्य हुनु आवश्यक छ । सत्ता राजनीतिमा देखिने उतारचढाव र अस्थिरताले यस्ता पदमा नियुक्ति पाएकाको पदावधि पनि अस्थिर बनिरहेको छ । त्यतिमात्र होइन, राजनीतिक भागबण्डा नमिल्दा समयमा नियुक्ति नहुने र राजनीतिक स्वार्थका आधारमा नियुक्ति दिइएको व्यक्तिले आफू निकटको दललाई नै सहयोग र पक्षपोषण गर्ने भएकाले प्रभावकारी काम हुन सकिरहेको छैन । राजनीतिक भागबण्डाको नियुक्ति व्यक्तिगत स्वार्थहरुको सौदाबाजीको अवसर बनिरहेकाले सरकारले नियुक्ति गर्ने पदहरुमा योग्य र सक्षम व्यक्ति नियुक्तिका लागि स्थायी प्रकृतिको स्वायत्त आयोग वा निकाय बनाइनु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : धार्मिक यात्रामा सरिक भइने समय योग छब। |
| वृष | : कर्तव्य निष्ठा बनिने समय योग रहेको छ । |
| मिथुन | : व्यापार व्यवसाय मध्यमकर रहनेछ । |
| कर्कट | : परोपकारजन्य कामबाट आत्मसन्तुष्टि प्राप्त होला । |
| सिंह | : आध्यात्मिक कृत्यमा सरिक हुँदा आनन्द प्राप्त होला । |
| कन्या | : पढाइ लेखाइ मध्यमकर रहने समय योग छ । |
| तुला | : पढाइ लेखाई ठिकै रहने समय योग रहेको छब। |
| वृश्चिक | : धार्मिक सामाजिक काममा मन जाने योग छ । |
| धनु | : पढाइलेखाइमा मध्यम कारक रहने योग छ । |
| मकर | : शारीरिक अस्वस्थता बढ्ने समय योग छ। |
| कुम्भ | : प्रेमिल भावनामा वृद्धि हुने योग छ । |
| मीन | : पढाइ लेखाएका कामहरूमा समय व्यतीत होला। |

# मानव बेचबिखन अन्त्यका लागि तीनै तहको सरकारको प्रतिबद्धता अपरिहार्य

**सन्दर्भः मानव बेचबिखन बिरुद्धको अठारौं राष्ट्रिय दिवस २०८१**



✍ प्रकाश खतिवडा

यस वर्षको मानव बेचबिखनविरुद्धको १८औं राष्ट्रिय दिवस २० भाद्र २०८१ को नारा "तीनै तहको सरकारको प्रतिबद्धताः मानव बेचबिखन बिरुद्ध सबैको ऐक्यबद्धता" निर्धारण गरिएको छ। मानव बेचबिखन, ओसारपसार र मानव तस्करी एउटै जस्तो लागे पनि केहि भिन्नता भएकोले नै सर्वोच्च अदालतले मानव तस्करी नियन्त्रणका लागि छुट्टै कानुन बनाउन सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको छ। यी तीनबीच कार्य, माध्यम र उद्देश्यमा तात्विक भिन्नता भएको सर्वोच्च अदालतले नै व्याख्या गरेको छ। मानव बेचबिखन र ओसारपसारमा जाने व्यक्तिको सहमति हुँदैन उसलाई फकाएर, लोभ लालचमा पारेर, यातना दिएर वा बेहोस बनाएर ओसारपसार गरिन्छ भने तस्करीमा सम्बन्धित व्यक्ति वा उसको परिवारको सहमतिमा जान चाहने र लगीदिने दुबैथरीको सहमतिमा यो प्रक्रिया अघि बढेको हुन्छ। तसर्थ मानव तस्करी समेतको नियन्त्रणका लागि तीनै तहको सरकारले कानुननै निर्माण गरेर प्रतिबद्ध भएर लाग्नु पर्ने आजको खाँचो देखिएको नाराबाट पनि स्पष्ट हुन्छ। मानव तस्करको प्रलोभनमा लाखौ रकम बुझाएर अबैध बाटो हिँड्नेको संख्या कहाली लाग्दो छ। ब्राजिलको साउपाउलो विमानस्थलमा १७६ जना नेपाली अमेरिका जान पाउने लोभमा अलपत्र परेको प्रतिनिधीमूलक घटनाले नेपालको नीति निर्मातालाई झसङ्ग बनाएको छ। अध्ययनले मानव तस्करीमा पुरुषको संख्या उल्लेख्य रहको पनि बताएको छ।

नेपालमा मानव बेचबिखनको पीडित र प्रभावित पुरुषहरुको संख्या पनि अत्यधिक रुपमा बढ्दै जानु र यो समस्या दिनानुदिन नयाँ नयाँ आयाम सहित एक गम्भीर चुनौतीका रूपमा देखा परिरहेको पाईन्छ। शुरूमा नेपालबाट महिला तथा बालिकाहरु भारतका ठूला शहरहरूमा व्यावसायिक यौन शोषणका लागि बेचबिखन हुने गरेकोमा हाल यो समस्याको प्रकृतीमानै परिवर्तन हुँदै विभिन्न स्वरूपमा देखा परिरहेको छ। यौन र श्रम दुवै प्रकारका शोषण लगायत मनोरञ्जन व्यवसाय, मानव अङ्ग प्रत्यारोपण आदिका लागी नेपालीहरु बिश्वको बिभिन्न मुलुकमा बेचबिखन हुने गरेको पाइन्छ। बिगतमा नेपाल मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले मूलतः श्रोत मुलुकका रूपमा चिनिए तापनि अहिले आएर श्रोत, ट्रान्जिट र गन्तव्य मुलुकको रुपमा चिनिएको अनुसन्धानले देखाएको छ।

मानव बेचबिखन विश्वव्यापी समस्या हुनुको साथै एउटा यस्तो संगठित अपराध हो जसले महिला, बालबालिका तथा पुरुषहरुलाई समेत श्रम शोषण, यौनधन्दा, जबरजस्ती गतल कार्य गराउँदै आएको पाईन्छ। हातहतियार र लागूऔषधको अवैध कारोबार जस्तै मानव बेचबिखन तथा ओसारपसार अन्तर्राष्ट्रिय आपराधिक संगठित गिरोहद्वारा सञ्चालित धन्दाका रुपमा विश्वमा फष्टाउँदै गएको पाईन्छ। महिला तथा बालबालिकाका साथै पुरुषहरुलाई समेत यौन दासदासीको रुपमा प्रयोग गर्ने, मनोरन्जन क्षेत्रमा लगाउने कार्यको साथै तीनको ईच्छा विपरित धम्कीको प्रयोग, धोकाधडी र जबरजस्तीरुपमा शोषण, घरेलु काम, मानव अंग झिक्ने, बेश्यावृत्ति वा यन्य प्रकारको यौन शोषणको शिकारमा परेको पाईन्छ। अति गरिबीको चपेटामा परेको, घरेलु हिंसामा परेको, सम्बन्धबिच्छेद भएको, साक्षरताको कमि, घरमा अपहेलनामा परेकाहरु सहजै रुपमा बेचबिखनको समस्यामा पर्ने गरेको एक अध्ययनले देखाएको पाईन्छ।

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को कार्यान्वयनको माध्यमबाट यो समस्या समाधानका लागि नेपाल सरकार, विकासका साझेदार संस्थाहरु, नागरिक समाज सञ्जाल र सामाजिक संस्थाहरु क्रियाशील रहेको छ। नेपालले पालेर्मो प्रोटिकललाई अनुमोदन गरेपछि उक्त प्रोटोकलको आधारमा मानव बेचबिखन तथा ओसारपसारको परिभाषा लगायत अन्य व्यवस्थाहरुमा संशोधन गर्नुपर्ने राज्यको दायित्व खडा भएको छ। प्रोटोकलको आधारमा अब संशोधन हुने राष्ट्रिय कानुनमा पीडित र प्रभावितको संरक्षणको अधिकार सुनिश्चितताका लागि अपराधको वर्गीकरण गर्दै अपराधिहरुलाई सजायको व्यवस्था गरिनु पर्दछ। पार्लेमो प्रोटोकलको आधारमा ऐन संशोधन हुनका लागि नागरिक समाज सञ्जालहरु पैरवी समेत गरिरहेका छन्। तथापि संशोधन नहुँदासम्म सविककै ऐन र नियमावलीहरु प्रभाावकारी रुपमा संचालन गर्न तीनै तहको सरकारको कर्तव्य हुन आउँछ।

मानव बेचबिखन तथा ओसारपसार बिरुद्धको कानुन निर्माण र कार्यनीतिको कार्यान्वयनका लागि गैरसरकारी संघ, संस्थाको लगनशीलताको कारणनै आज पीडित र प्रभावितले धेरै राहत महसुस गरेको पाईन्छ। मानव बेचबिखनको अन्त्यका लागि तीनै तहको सरकारको नीति कार्यक्रम तथा कार्ययोजनालाई नागरिक समाज संस्थाहरुसँग एकीकृत गर्दै समन्वय र सहकार्य समेत गरी संचालन गर्न सकियो भने आशातित परिणाम आउन सक्दछ भन्ने आम धारणा रहेको छ।

स्वदेशमा रोजगारीको अवसर नहुँदा वैदेशिक रोजगारमा जान बाध्यात्मक परिस्थितिका कारण ठगी र छलीमा परी खासगरी महिलाहरूको साथै पछिल्लो समयमा पुरुषहरु पनि बेचबिखन हुन पुगेको शक्ति समुह र एटविनको प्रकाशित पुस्तीकामा प्रमाणहरु भेटिन्छन्। किशोरीहरुको बढ्दो माग रहेको मनोरञ्जन क्षेत्रमा मुलुकबाहिर मात्र नभई मुलुकभित्र समेत महिलाहरूको शोषण तथा बेचबिखन भइरहेको प्रमाण विश्वास नेपालको पुस्तिकाबाट प्रष्ट हुन्छ। मनोरन्जन क्षेत्रमा विशेषगरी बालिकाहरु बालश्रममा रहेको, बालश्रमिकको बालापन विक्षिप्त अवस्थामा पुगेको चित्रण दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्च सञ्जालको स्थितिपत्र र स्वतन्त्रता अभियानको घटना अध्ययनले बताएको छ। बालश्रम अन्त्यका लागि १० बर्षे राष्ट्रिय गुरुयोजना अनुरुप राष्ट्रिय बालसंरक्षण सञ्जाल, स्वतन्त्रता अभियान, आशमान नेपाल र दिगोविकास लक्ष्य ८.७ का लागि नागरिक मञ्चको सहकार्यमा कार्ययोजना बनाई बालश्रममुक्त स्थानीय तह घोषण कार्यविधि २०७७ लाई कार्यान्वयन गर्ने गराउनेतर्फ क्रियाशील रहेको छ। विद्यालय जाने उमेरका बालबालिका पूर्णसमय विद्यालयमा हुनुपर्ने, श्रम छोडाउँदै विद्यालयमा ल्याउने वातावरणको सिर्जना र श्रमिक बालबालिकाको आवाजको सुनुवाईको आधारमा घटना व्यवस्थापन हुन सक्यो भने मानव बेचबिखन र ओसार पसारको घटनामा न्युनीकरण आउँछ भन्ने धारणा यस क्षेत्रका अभियन्ता र विज्ञहरुको रही आएको छ।

प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय तथा स्थानीय पालिकाहरुबाट मानव बेचबिखन तथा ओसारपसार विरुद्ध निरोधात्मक, संरक्षणात्मक तथा न्यायमा पहुँच अभिवृद्धि सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेको पाईन्छ। यसै परिप्रेक्षमा बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले प्रदेशस्तरीय मानव बेचबिखन तथा ओसारपसार बिरुद्धको बागमती प्रदेशस्तरीय संरक्षण नीति, २०८० पारित गरी कार्यान्वयनमा ल्याएको छ। मानव बेचबिखन तथा ओसारपसार संवेदनशील, एक बहुआयामिक तथा बहुक्षेत्रगत विश्वव्यापी समस्या भएकोले यसको निरोध, पीडितको संरक्षण, पुनःस्थापना र कानुनी उपचारलाई व्यवस्थितरुपमा कानुन बनाई नीतिगतरुपमा प्रभावकारी कार्यान्वयन गर्न नीतिको आवश्यकता परेकोले बागमती प्रदेश सरकारले यो संरक्षण नीति परित गरी कार्यान्वयनमा ल्याएको हो। बागमती प्रदेशमा मानव बेचबिखन तथा ओसार पसार बिरुद्ध कार्य गर्न यो नीति कोशेढुंगा सावित भएको छ। मानव बेचबिखन तथा ओसारपसार बिरुद्धको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता भएबमोजिम समस्याको नियन्त्रण तथा समाधानका लागि लगानी अपर्याप्त हुनु, जोखिममा परेका समूह समुदायको वस्तुनिष्ठ पहिचान हुन नसक्नु, यस्ता कार्यलाई जघन्य अपराधको रुपमा व्यापकरुपमा सामाजिक बहस चलाउन नसक्नु, घरेलु हिंसा, यौन दुर्व्यवहार लगायत लैंगिकतामा आधारित हिंसा जस्ता समस्याको उचित सम्बोधन हुन नसक्नु जस्ता विषयलाई समस्याको रुपमा उजागर गरिएको छ। बैदेशिक रोजगारको सिलसिलामा महिलाहरुलाई झुक्याई नेपाल बाहिर पुराउने, एउटा काम भनेर अर्कै काम लगाई शोषण गर्ने, भिजिट भिसामा लगेर असुरक्षित श्रम क्षेत्रमा बाध्यकारी श्रम गराउने, गैरकानुनीरुपले कार्य गर्न बाध्य पर्ने कार्य र यसमा संलग्न बिचौलिया नियन्त्रण गर्न चुनौती देखिएको पाईन्छ। यो नीतिको दुरदृष्टि "मानव बेचबिखन तथा ओसारपसार मुक्त परिवेशः सचेत, सुरक्षित र समृद्ध बागमती प्रदेश" रहेकोले अब कार्ययोजना बनाएर कार्य गर्न सहज भएको मन्त्रालयलेनै बताएको छ।

पछिल्लो समयमा पीडित र प्रभावितको रुपमा पुरुषहरु समेत भएको तथ्यलाई स्विकार गर्दै तिनीहरुलाई परेको समस्याको निराकरणका लागि थप कार्ययोजना र त्यसको प्रभावकारी कार्यान्वयन गरी मानव बेचबिखन तथा ओसारपसारमा परेका पुरुषहरुलाई समेत सामाजिक न्याय र उनिहरुलाई जीवन निर्बाह गर्न सीप विकास, बीउपुँजी र आयमूलक कार्य गर्न प्रोत्साहित गरी आर्थिक सशक्तीकरण गरियो भने केहि हदसम्म राहतको महशुस दिलाउन सकिन्छ। मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितको जीविकोपार्जन तथा आयआर्जनका लागि तीनै तहको सरकारको प्रतिबद्धताः मानव बेचबिखन विरुद्ध सबैको ऐक्यबद्धताको नारालाई चरितार्थ गर्दै एउटा कोष खडा गरी त्यही कोषको उचित परिचालनबाट आर्थिक सशक्तीकरण भई मानव बेचबिखनमा न्युनीकरण हुँदै जानेछ भन्ने विश्वास रहेको छ। यसका लागि सरकार र नागरिक समाज संस्था बीचको सहकार्य, प्रतिबद्धता एवम् दृढ ईच्छाशक्तिको खाँचो महशुस गरिएको छ। धन्यबाद।

*(अध्यक्ष, बाल कल्याण समाज मकवानपुर/लैंगिक समानताका लागि पुरुष सहभागिता सञ्जाल, बागमती प्रदेश)*

# "उच्च तहको जिम्मेवारी वहन गरेका महिलाहरुको चुनौति र निराकरणका उपायहरु"



✍ दुर्गा कुमारी खड्का मिश्र

आजको विश्व समानताका लागि हरेक क्षेत्रमा आफ्ना अवसर र पहिचान बनाउनका लागि तल्लिन छ। यसबाट हरेक क्षेत्र, लिङ्ग, समुदाय, वर्ग, तह र तप्काका व्यक्तिहरुमा सूचित हुन नीति, कार्यक्रम, रणनीतिहरुमा समय सापेक्ष परिवर्तन (पुनर्निर्माण) भएका छन्। व्यवहारमा लागु पनि भइरहेको देखिन्छ। हरेक चुनौतिहरुलाई अवसरमा बदल्ने जमर्को हरेक वर्गका मानिसहरुले गरेका छन्। फलस्वरुप धेरैजसो मुलुक/देशहरुमा समावेशिताले प्राथमिकता पाएको देखिन्छ। तापनि अझै पनि कैयौं देश तथा समाजहरुमा देखाउनका लागि नीति, नियम कार्यक्रमहरु त भएका छन् भने व्यवहारमा प्रभावकारीरुपमा हुन सकेको देखिँदैन। विस्तारै महसुस गर्दै व्यवहारमा लागु होला।

धेरै दशकको कोशिष, बहस र पैरवी पश्चात सार्वजनिक उच्च पदहरुमा समावेशिताको रंग हेर्न पाइएको छ, केहि गन्ध सुँघ्न पाइएको छ भन्दा अतिशयुक्ति नहोला। खासगरी घर-परिवारको हेरचाह र चुलाचौकामा मात्र सीमित नभई उत्पादनमूलक भूमिका र सामाजिक भूमिकामा महिलाहरुको सहभागिता बढ्दै जानु एउटा सभ्य समाजको द्योतक पनि हो। यसमा समाज, राष्ट्र अनि व्यक्तिको ठूलो भूमिका छ। सम्पूर्ण जनसंख्याको आधा वा सो भन्दा पनि बढी हिस्सा ओगट्ने महिलाहरु सामाजिक रुपान्तरणसँगै सार्वजनिक जिम्मेवारीमा संलग्न हुनु एउटा गौरवको विषय त हो नै साथै आर्थिक रुपान्तरण भई आत्मसम्मानमा उजागर भई सभ्य र समृद्ध समाज निर्माणमा योगदान पनि हो।

यो सबै वस्तुगत स्थितिका वावजुद कार्यकारी पद (उच्च आहोदाका) मा रही नीति निर्माण गर्ने र त्यसको सही किसिमले लागु गराउने महिलाहरुका सामु विभिन्न चुनौतिहरु विद्यमान छन्। युनिभर्सिटी अफ ईल्लिनोइस स्प्रिङ्गफिल्डका कुलपति श्री सुसन कोक (Susan Koch) तथा सोही विश्वविद्यालयका विज्ञान प्रयोगशालाका निर्देशक श्री क्लारा नाहर्सटेड (Klara Naharstedt) का अनुसार उच्च तहमा कार्यरत वा जिम्मेवारीवहन गरेका महिलाहरुले निम्नानुसारका चुनौतीहरु खेपिरहेका हुन्छन् भनी औंल्याएका छन्, जस्तै, पुरुष तथा महिला फरक हुन् भन्ने सोचाईका कारण

...बाँकी पृष्ठ ३ मा

# "अभिभावक शिक्षाको महत्व बुझाउन पहल गरेका छौं"

विद्यालय शिक्षामा विद्यालय व्यवस्थापन समितिको भूमिकालाई विविध पक्षबाट विश्लेषण गर्ने गरिन्छ । विद्यालय व्यवस्थापन समितिको आवश्यकता रहने र नरहने दुबै पक्षबाट पैरवी हुने गरेको छ । विद्यालयमा अभिभावकको प्रतिनिधित्व, सामाजिक एवम् सहयोगी व्यक्तित्वको उपस्थितिको अवसरको रुपमा विद्यालय व्यवस्थापन समितिलाई जरुरी मानिँदै आएको छ भने विद्यालयमा प्रधानाध्यापकको नेतृत्वमा शिक्षकको समूहको मिहिनेत भए व्यवस्थापन समितिको औचित्य रहन्न भन्ने तर्क पनि प्रस्तुत हुने गरेको छ । विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी, सक्रियता र योगदानको विषयमा रहेर हेटौँडा-७, नागस्वतीस्थित नवज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हेमप्रसाद अधिकारीसँग समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:



**हेमप्रसाद अधिकारी**
**अध्यक्ष, नवज्योति मावि, हेटौँडा-७**

**समाज: विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनुहुन्छ । विद्यालयमा व्यवस्थापन समितिको अध्यक्षको भूमिका के रहन्छ ?**

**अधिकारी:** विद्यालयको आर्थिक गतिविधिहरुमा कस्तो सहयोग चाहिएको छ, विद्यालयको व्यवस्थापकीय अवस्था बारे जानकारी राख्ने कार्य गरिन्छ । विद्यार्थी अभिभावक र विद्यालयलाई जोड्ने, प्रशासनिक क्षेत्रमा आवश्यक परेको खण्डमा आफैं उपस्थित भई काम गर्नु व्यवस्थापन समितिको अध्यक्षको भूमिकाको रुपमा रहने गरेको छ ।

**समाज: विद्यालय व्यवस्थापन समितिको बैठक बस्ने सन्दर्भमा नियमित बस्ने गर्नुहुन्छ कि आवश्यकता भए अनुसार बस्ने गर्नुहुन्छ ?**

**अधिकारी:** हामी १५ दिनमा नियमित तालिका बने अनुसार विद्यालयको प्रधानाध्यापक समक्ष विद्यालयको अवस्था बुझ्न बैठक बस्ने गर्छौं । कहिलेकाहीँ आवश्यक भयो भने बीचमा पनि जम्मा हुने गरेका छौं । विद्यालयका शिक्षकलाई १५ दिनमा एक पटक अतिरिक्त परीक्षा लिनु भनेका छौं, त्यस बारे पनि बैठकमा कस्तो नतिजा रहेको छ ? के सुधार गर्न आवश्यक छ ? भनी पनि बैठकमा छलफल गर्ने गरेका छौं ।

**समाज: अहिले विद्यालयको सम्पूर्ण अवस्था कस्तो छ । सवल पक्ष चुनौतिहरू के रहेका छन् ?**

**अधिकारी:** पहिले पनि विद्यालय व्यवस्थापन समितिमा रही रहँदा निजी विद्यालय र सामुदायिक विद्यालयलाई तुलना गर्दा अझ पनि विद्यार्थीको न्युन उपस्थिति रहेको छ । पहिला र अहिलेसम्म पनि धेरै परिवर्तन गर्न खोजे पनि थप सुधार आउन भने सकेको छैन । हामी विद्यालयको अहिलेको अवस्था सुधार गर्न स्थानीय सरकारसँग निरन्तर पहल गरिरहेका छौं । विद्यालयको मुख्य चुनौति भन्नु नै न्यून विद्यार्थी संख्या हो ।

**समाज: विद्यालयमा कति विद्यार्थी अध्ययनरत छन् ?**

**अधिकारी:** वडाको एउटा मात्रै सामुदायिक विद्यालय हो नवज्योति मावि । हाम्रो विद्यालयमा ३ सय भन्दा कम विद्यार्थी रहेका छन् । हाल न्युरेनीमा रहेको पुरानो शारदा विद्यालयको भवनमा बौद्धिक अपाङ्गता भएका २४ जना विद्यार्थी पनि अध्ययनरत छन् । त्यहाँको अवस्था निकै कमजोर रहेको छ । भवन र आवश्यक शैक्षिक सामग्री पनि पर्याप्त छैन । स्थानीय सरकारले सहयोग त गरेको छ तर हामीले नवज्योति नजिकै भवन बनाउन सबै क्षेत्रमा पहल गरेका छौं तर सहयोग पाउने स्थिति खासै राम्रो देखिएको छैन ।

**समाज: विद्यालयले वडासँग गर्नुपर्ने पहल कस्तो छ ? विद्यालयका आवश्यकताका बारेमा वडालाई जानकारी दिएको, विद्यालयले सहयोग मागेको प्रक्रिया कस्तो छ ?**

**अधिकारी:** हाम्रो विद्यार्थी न्युन रहेको र नतिजा पनि खस्किएको अवस्था रहेको छ । यस बारे जनप्रतिनिधिहरुलाई वडादेखि पालिकासम्म जानकारी गराएका छौं । उहाँहरुले पनि चिन्ता त व्यक्त गर्नुभएको छ तर बजेटको सन्दर्भमा वडामा यो वर्ष यसै पनि बजेट कम रहेको छ भन्नु भएको छ । विद्यालयमा भौतिक संरचना बनाउन अत्यन्तै जरुरी रहेको छ । पुस्तकालयको व्यवस्थापन समेत हुन सकेको छैन । र वडाले पालिकामा पहल गर्छौं भनेको छ । तर केहि सुधार हुने अवस्था देखिएको छैन ।

**समाज: समुदायको विद्यालयसँगको अपेक्षा कस्तो छ ? विद्यालयको विषयमा समुदायको बुझाई कस्तो रहेको छ ?**

**अधिकारी:** समुदायको विश्वास जित्नका लागि विद्यालयको नतिजा रामो ल्याउन जरुरी छ । समुदायले पनि भरोसा गर्न सकिरहेको छैन । शिक्षकको कमि-कमजोरी पो हो कि भन्ने धारणा रहेको छ । तर विद्यालयले धेरै मिहिनेत गरे अनुसार समुदायमा राम्रो छवि दिन सकिरहेको छैन ।

**समाज: विद्यालयको प्रधानाध्यापकसँग तपाईबीच हुने छलफल, सहकार्य कस्तो रहेको छ ?**

**अधिकारी:** विद्यालयमा प्रधानाध्यापकको रुपमा ज्ञानेन्द्र दाहाल सर हुनुहुन्छ । उहाँले योजना बनाउने क्रममा उहाँको भन्दा व्यवस्थापन समितिको धेरै हात पुऱ्याउनु पर्ने अवस्था छ । उहाँले हाम्रो योजनालाई अस्विकार गर्नु हुँदैन तर सक्रियता पनि कम रहेको महसुस गरेका छौं । उहाँको सेवाअवधि पनि अब धेरै समय बाँकी छैन र त्यसै कारण शैक्षिक सुधारको क्षेत्रमा उहाँको सक्रियता कम रहेको देखेका छौं । उहाँले योजना बनाउनुपर्नेमा हामी चाहीँ धेरै सक्रिय रहेको अवस्था छ ।

**समाज: शिक्षकहरूको पाटोमा चाहीँ कस्तो अवस्था छ ? शिक्षकहरूले पनि कस्तो कार्य गर्न आवश्यक छ ?**

**अधिकारी:** सम्पूर्ण शिक्षकहरुले हामीसँग छलफल गर्दा चिन्ता व्यक्त गर्नुभएको छ । विद्यार्थीले विद्यालयमा जति पढ्यो त्यति र घर गएर गृहकार्य नगर्ने । अभिभावकहरुले पनि चासो नदेखाएको अवस्था छ । विद्यालयका शिक्षकहरुले डायरीमा अभिभावकको हस्ताक्षर समेत गरेर ल्याउन लगाउँदा अभिभावकले हस्ताक्षर नगरेको र मोबाइल मार्फत सम्पर्क गर्दा पनि चासो नदिने जसकारण अभिभावक शिक्षा बढी आवश्यक रहेको गुनासो गरेका छन् । विद्यालयको प्रधानाध्यापक नगर शिक्षा समितिमा रहनु भएको कारण प्रत्यक्ष रुपमा पनि प्रत्येक वडामा अभिभावक शिक्षाको महत्व बुझाउने खालका कार्यक्रम राख्न पहल गरेको छु ।

**समाज: अभिभावकको चासो नदेखिएको कारण के देख्नु भएको छ ?**

**अधिकारी:** हाम्रो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको अभिभावक धेरै ज्यालादारी गरेर गुजारा गर्ने, आर्थिकरुपमा न्यून अवस्थाको हुनुहुन्छ । उहाँहरुले बालबालिकालाई धेरै ध्यान दिन समेत सक्नु हुन्न । त्यस कारण पनि अभिभावक-शिक्षक बीचको सहकार्य त्यति हुन सकेको छैन ।

**समाज: व्यवस्थापन समितिमा रहनुभएका सदस्यहरूको सक्रियता कस्तो रहेको छ ?**

**अधिकारी:** बजारको विद्यालयहरुका व्यवस्थापन समितिमा र हन तछाड-मछाड हुने देख्छौं भने न्युन विद्यार्थी भएको विद्यालयमा न्युन चासो देखेका छौं । तर हाम्रो विद्यालय व्यवस्थापन समितिका सदस्यहरु सहकार्य गर्नुहुन्छ । योजना बनाउँदा पनि शैक्षिक गुणस्तर सुधार्नु पर्छ भन्ने जस्ता समर्थन गर्नुहुन्छ । तर उहाँहरु आफैं अघि आउने विद्यालयको अनुगमन गर्ने क्षेत्रमा कम खट्नु भएको छ ।

**समाज: पछिल्लो समय व्यवस्थापन समितिको सक्रियताले कस्तो सुधार आएको छ ?**

**अधिकारी:** अहिलेको अवस्थामा विद्यार्थीहरु निकै जागरुक हुनुभएको छ । केहि समस्या रहे भने मलाई भन्नुहुन्छ । कोहि शिक्षकले लापरवाहि गरे त्यस्तो विषयमा मलाई खबर गर्नुहुन्छ । यसबाट पनि सुधार हुने अपेक्षा राखेका छौं । हामीले विषयगत शिक्षकलाई आफ्नो विषयमा फेल फ्रि भन्ने योजनामा अघि बढ्न लगाएका छौं । प्रत्येक शिक्षकले आफ्नो विषयमा शत्प्रतिशत उत्तीर्ण गराउने प्रयासमा अघि बढ्न हौसला दिएका छौं । यसले पनि आगामी दिनमा नतिजामा सुधार आउने अपेक्षा राखेका छौं ।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

## उच्च तहको..

उच्च तहमा रहेका महिलाहरुप्रति हेर्ने दृष्टिकोणमा अझै पनि पुरुषहरुको तुलनामा महिला कार्यकारी (व्यवसायी) को संख्या कम छ, जसका कारण उनीहरुले आफ्नो भोगाई, सिकाई र अनुभवहरुलाई आफुले प्राप्त गरेको भूमिका अनुसार लागू गराउने क्रममा लैंगिक विभेदका कारण निक्कै कठिनाईहरु भोग्ने गरेका छन् । संख्या कम हुँदा निर्णायक विषयहरुमा सबैको साथ पाउन मुस्किल पारिएको हुन्छ ।

**१. नेतृत्ववहन गर्दा गरिने अपेक्षा सम्बन्धी चुनौतिहरू**: उच्च ओहोदामा भूमिका निर्वाह गर्ने नेतृत्वसँग सिंगो संस्थाले तथा संगठनले निम्न कुराहरुको अपेक्षा वा अनुभूति गरेका हुन्छन्, जस्तै स्पष्ट वक्ता, निर्भिक/बलियो (विचार राख्न सक्ने) शक्ति सम्पन्न (सबैलाई समेट्ने, शिघ्र निर्णय लिन सक्ने, खतरा मोल्न सक्ने) र प्रजातान्त्रिक तौरतरिका अपनाई सबैलाई सिकाउँदै अगाडि बढ्ने आदि । जब नेतृत्व तहमा महिलाहरु पुग्छन् तब संसारभरमा के गरिन्छ वा सोँचिन्छ भने उनीहरु भनेका सबैको रेखदेख गर्ने, आफ्ना परिधिमा मात्रै रमाउने वा महिलावादी सोच राख्ने, बढी अहंकारी, धेरै सुक्ष्मदर्शी (छिद्रानुयेषण गर्ने) र सक्रिय अथवा कम आक्रमक हुन्छन् भन्ने सोचाई छ। जब उनीहरु आफुले प्राप्त गरेको अनुभव, सिकाई र दृष्टिकोणबाट अगाडि बढेर निर्णय गर्ने सक्रियता देखाउने र नेतृत्व दिन नियमसंगत कार्य गर्न थालेको दिनमा उनीहरुप्रति नकारात्मक दृष्टिकोणले हेर्ने, व्यवहार गर्ने, गरिएका निर्णयहरुलाई पालना नगर्ने र सिंगो संगठनलाई अस्तव्यस्त बनाउने जस्ता कार्यहरु हुने गर्दछन् । हाम्रो जस्तो देशमा त यस्ता चुनौतिहरु उच्च तहका महिलाहरुले धेरै भोगेका छन् ।

**२. काम र जीवनलाई सन्तुलन गरी अघि बढ्ने चुनौति**: उच्च तहमा कार्यकारी भूमिका निर्वाह गर्ने महिलाहरुले आफ्नो कार्य (काम) र व्यक्तिगत जीवनलाई सन्तुलित बनाउँदै अघि बढ्नु निक्कै चुनौतिपूर्ण छ । आजको दिनसम्म पनि उस्तै जिम्मेवारी पूरा गरेर घरमा आइसकेपछि गरिने पारिवारिक र सामाजिक भूमिकामा पुरुष भन्दा महिलाले धेरै सक्रियता देखाउनु पर्ने अवस्था छ । जसका कारण घरपरिवार, उत्पादनमूलक तथा सामाजिक जिम्मेवारीको (Triple Roles) बोझ महिलाहरुमा परेको छ । यो अलिअलि गर्दै घट्दै जाने क्रममा त छ तर धेरै रुपान्तरण हुन बाँकी छ ।

**३. कोटा पूरा गर्नका लागि भन्ने सोचाई र दुर्व्यवहारहरू**: उच्च पदीय जिम्मेवारी लिएका महिला कार्यकारी/व्यवसायीहरुप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन आउन बाँकी छ। अझै पनि केहि पदहरुमा महिलाहरुलाई रख्नैपर्ने भएकोले राखिएको प्रावधान गरिएको हो। खासै नेतृत्व त के गर्न सक्लान् र ? भन्ने मानसिकता भएका व्यक्तिहरुले महिला नेतृ (व्यावसायिक) हरुलाई निचो देखाउने, होच्याउने, कनिष्ठ महिला व्यवसायीहरुप्रति कम विश्वासको वातावरण सिर्जना गराइदिने, महिलाले महिलालाई नै अगाडि बढ्न दिँदैनन् भन्ने लान्छना लगाउने जस्ता आक्षेप पनि आउने गर्दछन्, साथै आफू कमजोर छ त्यहि भएर आफ्नो भन्दा कमजोरलाई साथ लिएर अगाडि बढ्छ, हेर त ! तिमी उ भन्दा बलियो र सक्रिय छौ नी ! खै त ? तिमीलाई अवसर दिएका आदि जस्ता बेकारका गफ गरी उकास्ने/उचाल्ने गर्दछन् र नेतृत्वप्रति अविश्वासको वातावरण पनि सिर्जना गराउने चुनौति पनि उच्च तहका महिला कार्यकारीहरुले खेप्नु परेको अध्ययन अनुसन्धानबाट देखिएको कुरा उक्त कुलपति तथा निर्देशकहरुले औंल्याएका छन्। यस्ता चुनौतिहरुसँग कसरी सामना गर्ने र सफल हुने भनी कुलपति तथा निर्देशकहरुले निम्न उपायहरु औंल्याएका छन्,

- **आफ्नो पदको मूल्य, मान्यताका सवल पक्ष, विशेषता तथा भूमिकालाई चिन (पहिचान गर-Acknowledge)**: उच्च पदको कार्यकारी भूमिकामा रहेका महिला कार्यकारी व्यवसायीहरुले आफ्नो शैक्षिक योग्यता, कार्यानुभव, क्षमता, कार्यकुशलता र प्राप्त पदको उपादेयता र प्रतिफल आदिका बारेमा पूर्णरुपमा सजक हुनु पर्दछ । यदि कुनै समयमा आफुले आत्मपरक भई केहि विचारहरु राखिएको र त्यसले अरु कसैलाई हानी नोक्सानी पुऱ्याएको रहेछ भने त्यसको खोजी, विश्लेषण गरी आत्मसात गर्दै आफुलाई रुपान्तरण गर्ने तर्फ लाग्नु पर्छ। साथै आफुलाई लगाइएको लान्छनाहरु गलत छन् भने त्यसलाई वैज्ञानिक ढंगले प्रतिकार गर्नु पर्दछ। सही के हो सभ्य ढंगले प्रस्तुत गर्नु पर्दछ। सकभर त्यस्ता विचारहरुलाई लिपीवद्ध गरी तयार गरी निर्धक्कले प्रस्तुत गर्नु पर्दछ।
- **विश्वासको वातावरण तयार गर, सही विचार, तर्क राख्नेहरू बीच समूह निर्माण गर**: उच्च तहमा कार्यरत महिला कार्यकारीहरुको बारेमा विभिन्न नचाहिँदो कुराहरु काट्ने, अड्कलबाजी लगाउने, नकारात्मक गफहरु गर्ने, भड्काउने र अविश्वासको वातावरण सृजना भएका हुन सक्छन् । यस्तो अवस्थामा सबैसँग चिनजान, घुलमिल हुने, मेन्टरिंग गर्ने, प्रशंसा गर्ने, उनीहरुको कुरा सुन्ने, आफ्नो तटस्थ विचारहरु राख्ने; सही के हो, गलत के हो ? भन्ने बारेमा स्पष्ट पार्ने र सही कुराको बहस तथा पैरवी गर्ने संस्कृतिको विकास गर्नु जरुरी हुन्छ । जसले कार्यस्थलमा विश्वासको वातावरण निर्माण हुन्छ ।
- **भावी पुस्ताको नेतृत्व विकास गर्ने कार्यको सुरुवात गर**: कुलपति तथा निर्देशकद्वयले हरेक संस्था र संगठनहरुमा भावी नेतृत्वका लागि आजैदेखि कार्य सुरु गर भनी सुझाएका छन्। सर्वोपरिहितका उपलब्धि प्राप्त गरेका महिला व्यवसायीहरुको सार्वजनिक रुपमा पहिचान देउ; पुरस्कृत गर्नेदेखि "वर्ष महिला कर्मचारी/फ्याकलटी/कार्यकारी" भनी सार्वजनिकीकरण गर्ने वातावरणको सिर्जना गर भनी सुझाएका छन्।
- **तिमीप्रति दुर्व्यवहार भएको छ भने मुख खोल**: कहिलेकाहीँ कार्यहरु गर्दा, कतै जाँदा, कोहीप्रति दुर्व्यवहार भएका छन् भने विश्वासिलो व्यक्ति, कार्यकारी, समुहमा धारणा राख्ने गर्नु पर्दछ र आफ्नो हुर्मत लिइरहेको; अविश्वासको वातावरण निर्माण गराइरहेका छन् भने त्यसको बारेमा वास्तविकता के हो भनी खोजी गर, विश्लेषण गर, स्पष्ट पार र विश्वस्त बनाउ भन्ने पनि कुलपति र निर्देशकद्वयहरुले सुझाएका छन्।

समग्रमा कुलपति श्री सुसन कोक र निर्देशक क्लारा नाहर्सटेड द्वयले उच्चपदस्थ महिला कार्यकारी/व्यवसायीहरुले आफ्नो कार्यक्षेत्र र सामाजिक परिवेश अनुसार विभिन्न प्रकारका चुनौतिहरुको सामना गर्न परिरहेको र उक्त चुनौतिहरुलाई समयमै पहिचान गरी दुरदृष्टि राख्ने, आफ्नो सवल र निर्वल पक्षको विश्लेषण गर्ने, आत्मअनुशासन कायम गर्ने, सबैतिर नजर राख्ने, अध्ययन अनुसन्धान गर्ने, पृष्ठपोषण गर्ने, उपलब्धिमुलक र सकारात्मक सोच राख्ने, प्रजातान्त्रिक संस्कृतिको विकास, प्रबर्धन र सम्वर्धन गरी विश्वासको वातावरण बनाई सफल हुन सुझाएका छन्।


*साभार:-युनिभर्सिटी अफ ईल्लीनोइस उर्वाना- क्याम्पेन-सिकागो, अमेरिका*
*National Center for Principled Leadership & Research Ethics*

*(जनस्वास्थ्यकर्मी तथा डीन मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान)*

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौँडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६




हेटौँडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



### संविधानअनुसार महिलाका अधिकार प्राप्त भएका छैनन्: मन्त्री काफ्ले

# डकर्मी र खेलकर्मी महिला सम्मानित


जागरुक महिलासम्मान प्राप्त गर्नुभएकी सिन्तान (बायाँ) र ढुंगाना (दायाँ) ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले संविधानको व्यवस्थाअनुसार महिलाहरुले अधिकार प्राप्त गर्न नसकेको बताउनुभएको छ । मन्त्री काफ्लेले राज्यका विभिन्न निकायमा महिलाहरुको पहुँच देखिए पनि सो पर्याप्त नभएको बताउनुभयो ।

हेटौंडा-२ स्थित रेडियो मकवानपुरले आयोजना गरेको तीज विशेष कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री काफ्लेले महिलाहरुलाई अधिकार सम्पन्न र आत्मनिर्भर बनाउन प्रदेश सरकारले ठोस योजना तयार गर्ने बताउनुभयो। पिछडिएका महिलाहरुलाई राज्यको मूलधारमा ल्याउन सरकारले विभिन्न प्रकारका कार्यक्रमहरु ल्याउने उहाँको भनाइ छ। उहाँले प्रदेशका महिलाहरुलाई आर्थिक, सामाजिकरुपमा सबल बनाउन आफूले भूमिका खेल्ने बताउनुभयो । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य लक्ष्मीदेवी श्रेष्ठले संविधानका व्यवस्थालाई आफूअनुकूल व्याख्या गरे समावेशितामाथि खेलवाड गरेको बताउनुभयो । संविधानले दिएको उपाध्यक्ष पदमा समेत राजनीतिज्ञहरुले अनूकलतामा व्याख्या गरेर हस्तक्षेप गरेको उहाँले बताउनुभयो ।

कार्यक्रममा जागरुक महिला सम्मानबाट खेलकर्मी र डकर्मी महिलालाई सम्मान गरिएको थियो । हरितालिका तीजको अवसरमा आयोजित उक्त कार्यक्रममा डकर्मी र खेलकर्मी २ महिलालाई सामुदायिक सम्मान प्रदान गरेको हो । सम्मानित हुनेमा हेटौंडा-५ की खेलकर्मी सरेशा ढुंगाना र हेटौंडा-१९, बस्तीपुरकी डकर्मी गौरीमाया सिन्तान र हेकी छिन् । ढुंगाना तीन दशकदेखि तेक्वान्दो खेलसँग आवद्ध रहेकी छिन् भने सिन्तान १२ वर्षदेखि डकर्मी पेशामा रहेकी छिन् ।

ढुंगाना मकवानपुरबाट तेक्वान्दो खेलको पहिलो महिला मेडलिष्ट हुन् । सिन्तान भने आर्थिक अवस्था कमजोर भएपछि घर बनाउने काममा लागेर महिला मिस्त्रीका रुपमा परिचित रहेकी छिन् । दुबै जनालाई जनही नगद १० हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरिएको हो ।

# झण्डै १ करोडको अवैध सामान बरामद

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले करिब १ करोड रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ । बारा प्रहरीको मातहतबाट खटिएको प्रहरी टोलीले ९८ लाख ९३ हजार ५ सय ३१ रुपैयाँको अवैध सामानसहितको ट्रक नियन्त्रणमा लिएको हो ।

मंगलबार २ बजेको समयमा बाराको जीतपुर-सिमरा उपमहानगर पालिका-२१ मा वीरगञ्जबाट बाँकेतर्फ जाँदै गरेको बा प्र ०३-००१ ख २४३८ नम्बरको ट्रकलाई रोकी सुरक्षाजाँच गर्दा ट्रकमा लोड गरेको ९८ लाख ५८ हजार ५ सय ३१ रुपैयाँ बराबरको सामानहरु नियन्त्रणमा लिएको बारा प्रहरीले जानकारी दिएको छ ।

यस्तै, सोमबार १० बजेर २० मिनेटको समयमा बिश्रामपुर गाउँपालिका-१ मा भारतबाट नेपालतर्फ भन्सार छली गरी मोटरसाइकलमा ल्याउँदै गरेको ३ लाख रुपैयाँ बराबरको कपडा नियन्त्रणमा लिएको छ । उक्त मोटर साइकल चालक फरार भएको बताइएको छ । सामानहरु नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि आन्तरिक राजश्व कार्यालय पथलैया पठाइएको प्रहरीले जनाएको छ ।

### बागमती प्रदेशसभा

# सभामुख र उपसभामुखको खर्च ८५ लाख

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठक र उपसभामुख अप्सरा चापागाईंले गत आर्थिक वर्ष २०८०/०८१ मा ८५ लाख ४ हजार रुपैयाँ खर्च गरेका छन्। प्रदेश सरकारले गत आर्थिक वर्षका लागि विभिन्न शीर्षकअन्तर्गत १ करोड २३ लाख रुपैयाँ विनियोजन गरेकोमा ८५ लाख ४ हजार रुपैयाँ खर्च गरेको हो।

प्रदेशसभाका सभामुख पाठक र उपसभामुख चापागाईंले एक आर्थिक वर्षमा सबैभन्दा बढी क्रमशः तलब, इन्धन, सवारी मर्मत र भ्रमण भत्तामा खर्च गरेका छन्। सभामुख पाठक र उपसभामुख चापागाईंले सवारी मर्मततर्फ ५ लाख ६ हजार रुपैयाँ खर्च गरेका छन् भने इन्धन सुविधाअन्तर्गत ५ लाख ३६ हजार रुपैयाँ खर्च भएको छ । सो शीर्षकहरुअन्तर्गत प्रदेश सरकारले क्रमशः १२ लाख रुपैयाँ र १० लाख ८ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

सभामुख र उपसभामुखले भ्रमण खर्चबापत ४ लाख ५६ हजार रुपैयाँ खर्च गरेका छन्। गत आर्थिक वर्ष २०८०/०८१ को साउनदेखि असारसम्मको अवधिमा विभिन्न क्षेत्रको भ्रमणवापत सभामुख पाठक र उपसभामुख चापागाईंले ४ लाख ५६ हजार रुपैयाँ खर्च गरेका हुन् । सभामुख पाठक र उपसभामुख चापागाईंसहित उनीहरुको सचिवालयले उक्त रकम खर्च गरेको प्रदेशसभा सचिवालय हेटौंडाले जनाएको छ । सभामुख र उपसभामुखले विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्चअन्तर्गत विनियोजित बजेटमध्ये सो रकम खर्च गरेको हो । गत आर्थिक वर्षका लागि प्रदेश सरकारबाट सो शीर्षकमा १८ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरिएको थियो ।

पानी तथा बत्ती सुविधाअन्तर्गत विनियोजित २ लाख ७० हजार रुपैयाँ शतप्रतिशत खर्च भएको छ । सभामुख पाठक र उपसभामुख चापागाईंको पारिश्रमिकवापत १५ लाख ५३ हजार रुपैयाँ खर्च भएको छ। सो शीर्षकअन्तर्गत प्रदेश सरकारले गत आर्थिक वर्षमा १५ लाख ५५ हजार रुपैयाँ विनियोजन गरेको थियो । सभामुख पाठक र उपसभामुख चापागाईंले अन्य सुविधाअन्तर्गत प्राप्त ५५ लाख ३८ हजार रुपैयाँमध्ये ४९ लाख ५७ हजार रुपैयाँ खर्च गरेको छ भने विविध शीर्षकमा प्राप्त ४ लाख १ हजार रुपैयाँमध्ये २ लाख २३ हजार रुपैयाँ खर्च भएको छ। सभामुख पाठक र उपसभामुख चापागाईंले पोशाक, महंगी भत्ता र बैठक भत्ता बुझेका छैनन्। प्रदेश सरकारले सो शीर्षकअन्तर्गत क्रमशः १ लाख १० हजार रुपैयाँ, २ लाख ६४ हजार रुपैयाँ र १ लाख ५ हजार रुपैयाँ विनियोजन गरेको थियो ।

### मकवानपुर जिल्ला लिग

# गोर्खा ब्वाइज र मल्टिभिजन विजयी, दुई खेल स्थगित



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी मकवानपुर जिल्ला लिगअन्तर्गत बुधबार भएको खेलमा गोर्खा ब्वाइज र मल्टिभिजन विजयी भएको छ । सिमलटार मैदानमा हुने भनिएको एफसी नामटार र पदमपोखरी युथ क्लब तथा गौरीटार रंगशालामा हुने भनिएको हटिया स्पोर्टस् र न्यू कम्बाइन क्लबबीचको खेल वर्षाका कारण स्थगित भएको छ ।

बुधबार हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको खेलमा पिप्ले युवा क्लबलाई २-१ गोलअन्तरले हराउँदै गोर्खा ब्याइज विजयी भएको हो। यस्तै, सानोपोखरा क्लबलाई ८-१ गोलअन्तरले हराउँदै एफसी मल्टिभिजन विजयी भएको हो। गोर्खाबाट प्रितु लामा र प्रशान्त देउलाले एक-एक गोल गरे। पिप्लेका लागि सम्पूर्ण नगरकोटीले एक गोल गरे । म्यान अफ द म्याच प्रितु लामा घोषित भए। यस्तै, मल्टिभिजनबाट रामकृष्ण राउत र अखिलेश कार्कीले ह्याट्रिक गरे । सुमन लो र जेनिश थपलियाले समान एक-एक गोल गरे । म्यान अफ द म्याच राउत घोषित भए ।

प्रतियोगिताअन्तर्गत बुधबार स्थगित भएको खेल आज बिहीबार बिहान सञ्चालन हुने फुटबल संघले जनाएको छ। प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । जिल्ला लिगमा २८ वटा टिमको सहभागिता रहेको छ ।


## सूचना !! सूचना !! सूचना !!!

यस अस्पतालमा मिति २०८१/०५/१६ गते आईतबारका दिनदेखि Extended Health Service (EHS) देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ ।

**देहाय**:
१. E.H.S ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजे देखि ६:०० बजे सम्म ।
३. E.H.S ओ.पि.डी मा उपलब्ध हुने सेवाहरु
- मेडिकल ओ.पि.डी.
- सर्जिकल ओ.पि.डी.
- बालरोग ओ.पि.डी.
- स्त्री तथा प्रसूति रोग ओ.पि.डी.
- मनोरोग ओ.पि.डी.
- नशा तथा हाडजोर्नी रोग ओ.पि.डी.
- अन्य
• भिडीयो X-ray सेवा
• प्याथोलोजी सेवा

४. E.H.S ओ.पि.डी. सेवामा बिमाको सुविधा उपलब्ध हुने छैन ।
**पुनश्च**: सार्वजनिक बिदाको दिनहरुमा E.H.S ओ.पि.डी. सेवा संचालन हुने छैन ।

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**हेटौंडा, मकवानपुर**



## नारायणी यातायात व्यवसायी संघको
### अत्यन्त जरुरी सूचना

(मिति २०८१/०५/१७ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा समेत प्रकाशित भईसकेको)

यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्थाहरुको दर्ता तथा नवीकरण नगर्ने भनी नेपाल सरकार, मन्त्री परिषद्ले मिति २०७५/०१/०४ गते निर्णय गरेपश्चात यस संघको नियमित रुपमा हुनुपर्ने अधिवेशन अवरुद्ध भई आएकोमा सोही मन्त्री परिषद्को निर्णयका विरुद्धमा यस संघ समेत सदस्य रहेको नेपाल ट्रक यातायात व्यवसायी महासंघले सम्मानित सर्वोच्च अदालतमा रिट दायर गरेकोमा मिति २०८०/१२/२० गते रिट जारी हुने भनी फैसला गरेको हुँदा निकट भविष्यमा नै यस संघको ३६ औं वार्षिक साधारणसभा र १६ औं अधिवेशन हुन गइरहेको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै, यस संघका सदस्य महानुभावहरुले संघको विधान मुताविक २०८१ असोज मसान्तभित्रमा आफ्नो सदस्यता नवीकरण गरी मतदाता परिचयपत्र लिनुहुन समेत यस संघको मिति २०८१/०५/०९ गतेको कार्यसमितिको निर्णय बमोजिम जानकारी गराईन्छ ।

**सरोज कुमार खनाल, महासचिव**
**नारायणी यातायात व्यवसायी संघ**
**मुख्य कार्यालय, हेटौंडा, फोन नं. ०५७-५२०६७०**



## ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.को जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१ भाद्र २० गते)

मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं. ५ मा अवस्थित श्री ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.ले आफ्ना सेयर सदस्यहरूलाई अद्यावधिक गर्ने उद्देश्यले गरेको निर्णयअनुसार विभिन्न समयमा संस्थाको सेयर सदस्यता लिई विगत लामो समयदेखि संस्थाका कुनै पनि कार्यक्रम तथा गतिविधिहरूमा उपस्थित नहुने वा विदेशमा रहनुहुने सदस्यहरुका साथै अन्य विविध कारणले निष्क्रिय रहनुभएका सदस्यहरुले यो सूचना प्रकाशित भएको ३५ (पैंतिस)दिनभित्र नागरिकतासहित संस्थामा उपस्थित भई आफ्नो KYM अद्यावधिक गर्नुहुन अनुरोध छ । साथै धैरै सेयर सदस्यहरूबाट सेयर रकम फिर्ताका लागि अनुरोध भई आएकाले विदेशमा रहनुहुने र मृत्यु भैसक्नु भएका सदस्यहरूको एकाघर परिवारले नाता खुल्ने कागजात र स्वदेशमै रहनुहुने सदस्यहरूले आफ्नो सेयर फिर्ता लिन चाहेमा तोकिएको समयभित्र आफैं संस्थामा उपस्थित भई निवेदन दिन सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**सचिव**
**लिलानाथ ढुंगेल/९८५५०६९२८४**
**ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.**
**हेटौंडा-५, भैरवरोड**



## Admission Open !!!

+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
**हेटौंडा- सिटि कलेज (जेनिथ मावि)**
**हेटौंडा-५, पिप्ले**



## डेंगीबाट बच्ने उपायहरु

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ,
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- पानी राखेको भाँडालाई छोपेर राखौं,
- लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली र सुत्ने बेलामा झुल लगाएर सुतौं,
- अँध्यारा कुना–काप्चामा किटनाशक औषधी छर्कने गरौं,
- एयर कुलर,पानी ट्यांकी, फूलदानी गमलामा राखिएका प्लेटहरु नियमित सफा गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ